आज मितिः २०८१/०५/०७ गतेका यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री कुश बहादुर थेबेज्यूको अध्यक्षतामा माईजोगमाई गाउँ कार्यपालिकाको दोस्रो कार्यकालको ४२ औं बैठक देहायका सदस्यहरुको उपस्थितिमा बसि तपशिल बमोजिमको प्रस्ताव उपर छलफल गरी निर्णयहरु पारित गरियो ।

**उपस्थितिः**

| | |
|---|---|
| श्री कुश बहादुर थेबे | गाउँपालिका अध्यक्ष |
| श्री प्रबिना राई | गाउँपालिका उपाध्यक्ष |
| श्री याम कुमार कार्की | १ नम्बर वडा अध्यक्ष |
| श्री डम्बर बहादुर सुवेदी | २ नम्बर वडा अध्यक्ष |
| श्री राम घिमिरे | ३ नम्बर वडा अध्यक्ष |
| श्री डुरन देवान | ४ नम्बर वडा अध्यक्ष |
| श्री निर्मलध्वज राई | ५ नम्बर वडा अध्यक्ष |
| श्री दिपेश सोडमी | ६ नम्बर वडा अध्यक्ष |
| श्री कमला न्यौपने | कार्यपालिका सदस्य |
| श्री धनलक्ष्मी सोडमी | कार्यपालिका सदस्य |
| श्री राम कुमारी परियार | कार्यपालिका सदस्य |
| श्री लक्ष्मी राई | कार्यपालिका सदस्य |
| श्री अम्बर बहादुर थामी | कार्यपालिका सदस्य |
| श्री छत्र बहादुर दर्जी | कार्यपालिका सदस्य |
| श्री कुमार बस्नेत | सदस्य सचिव |

**अन्य उपस्थितिः**

| | |
|---|---|
| श्री अमोद लिम्बु | प्र.अ. |
| श्री प्रशान्त भट्टराई | ले.पा. |
| श्री बन्धु राई | स.इ. |
| श्री ओडन्धु डाङ्गी | अ.स.इ. |

४२ औं गाउँकार्यपालिका बैठकमा कार्यसूचिहरु

१. गत बैठकको समिक्षा सम्बन्धमा।
२. चालू आ. व. ०८१/०८२ को आर्थिक कारोबार संचालन गर्ने सम्बन्धमा।
३. सा. सु. कार्यक्रम संचालनका लागि ७ थान Biometric device खरिद गर्ने सम्बन्धमा।
४. सार्वजनिक खरिद इकाई र मुल्याङ्कन समिति गठन गर्ने सम्बन्धमा।
५. सूचना प्रविधि अधिकृतको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा।
६. योजना सर्भे गर्न फिल्ड यकिन गर्ने सम्बन्धमा।
७. नामसालिङ्ग मा. वि. को खेलमैदानको माथिलो भागमा रिटनिङ वाल लगाउन १० लाखको काम भएको र उक्त रकम भुक्तानी दिने सम्बन्धमा।
८. संघ र प्रदेश कार्यालय अन्तरगत सञ्चालन हुने आयोजनाहरुको सम्बन्धमा।
९. जौवारी प्रहरी चौकीलाई व्यवस्थापकिय सामाग्री सम्बन्धमा।
१०. माईजोगमाई आधारभूत अस्पताल क्रमागत निर्माण गर्नका लागि नेपाल सरकार सँग रकम माग गर्ने सम्बन्धमा।
११. सूचना प्रविधि अधिकृतलाई ल्यापटप खरिद सम्बन्धमा।
१२. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन हुने आयोजनाहरु पारित गर्ने सम्बन्धमा।
१३. एम्बुलेन्स चालकको राजीनामा स्वीकृत सम्बन्धमा।

निर्णयहरु

१. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा ४१ औं कार्यपालिका बैठकका सम्पूर्ण निर्णयहरु कार्यान्वयन भएको पाईएकोले सन्तोषजनक प्रगति भएको समिक्षा गरियो।
२. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा चालु आ. व. ०८१/०८२ को आर्थिक कारोबार प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियार समेत प्राप्त भईसकेको हुँदा प्रचलित नियमबमोजिम संचालन गर्ने निर्णय गरियो।
३. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस गाउँपालिका अन्तर्गत संचालन भई रहेको सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई व्यवस्थित गर्नका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले उपलब्ध गराईएको स्पेसिफिकेशन अनुसारको ७ थान बायोमेट्रिक डिभाइस् नियमानुसार खरिद गर्ने निर्णय गरियो।
४. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा चालु आ. व. २०८१/०८२ को लागि सार्वजनिक खरिद एकाई र मुल्याङ्कन समिति गठन गर्नु पर्ने भएको हुदाँ तपशिल बमोजिम स्थानीय स्तर खरिद इकाइ समिति र मुल्याङ्कन समिति गठन गर्ने निर्णय गरियो।

CamScanner

तपशिल

सार्वजनिक खरिद इकाई समिति

श्री गोकुल प्रसाद संजेल- संयोजक

श्री बन्धु राई- सदस्य

श्री ओड्चु काजी- सदस्य

श्री प्रशान्त भट्टराई- सदस्य

श्री अशोक लिम्बु- सदस्य सचिव

सार्वजनिक खरिद मूल्यांकन समिति

श्री कुमार बस्नेत- संयोजक

श्री सगुन पौडेल- सदस्य

श्री ओड्चु काजी- सदस्य

श्री प्रशान्त भट्टराई- सदस्य

सम्बन्धित शाखा प्रमुख- सदस्य सचिव

५. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा मिति २०८१/०४/२४ गते भएको लिखित, प्रयोगात्मक र अन्तर्वार्ता परिक्षाबाट सिफारिस भई नियुक्ति लिनु भएका सूचना प्रविधि अधिकृत श्री सगुन पौडेलको नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो।

६. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा चालु आ. व. २०८१/०८२ का लागि १६ औं गाउँसभाबाट स्वीकृत वडा स्तरिय तथा पालिका स्तरिय योजनाहरुको सम्बन्धमा वडा बैठक बसी वडा बैठकको निर्णयबाट आवश्यक्ता पहिचान तथा फिल्ड यकिन प्राविधिक कर्मचारी मार्फत फिल्ड गरि सर्भेको काम शुरु गराउने निर्णय गरियो।

७. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा नामसालिङ्ग माध्यमिक विद्यालयको खेलमैदानको माथिलो भाग रिटनिङ्ग वाल लगाउने कामको बाकी रहेको कामको अनुगमन तथा प्राविधिक मुल्याङ्कन पश्चात यकिन गरि मात्र भुक्तानी फुकुवा दिने निर्णय गरियो।

८. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा संघ अन्तर्गत विशेष अनुदान बजेटको अख्तियारी आएको ठेक्का मार्फत र प्रदेश समपुरक बजेट शिर्षक दुई वटा योजनाको लागि बजेटको अख्तियारी आएको हुदाँ ठेक्का मार्फत आवश्यक प्रकृया पुरा गरि काम गराउने निर्णय गरियो।

९. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा माईजोगमाई गाउँपालिका अन्तर्गत जौबारीमा रहेको जौबारी प्रहरी चौकीको निवेदन बमोजिम उक्त चौकी भवन मर्मतका लागि आवश्यक पर्ने जस्तापाता रङ (प्राइमर) प्राविधिक स्टिमेट भए पश्चात खरिद गरि उपलब्ध गराउने निर्णय गरियो।

CamScanner

१०. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस माईजोगमाई गाउँपालिकाको १५ सैया अस्पताल भवन निर्माण कार्य बहुबर्षे ठेक्का मार्फत भई रहेको हुदाँ आ. व. २०८१/०८२ को लागि निर्माण व्यवसायीलाई भुक्तानी दिन ३ करोड रकम नियम प्रकृयानुसार माग गर्ने निर्णय गरियो।

११. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा नियुक्ति भई आउनु भएका सूचना प्रविधि अधिकृतलाई आवश्यक पर्ने ल्यापटप तथा प्रिन्टर स्पेशिफिकेशनका आधारमा आवश्यक प्रकृया पुरा गरि खरिद गर्ने निर्णय गरियो।

१२. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस आ. व. मा संचालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्रत्येक वडाबाट छनौट भई आएका योजनाहरु स्विकृत गरि कार्यान्वयन प्रकृया अगाडी बडाउने निर्णय गरियो।

१३. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस पालिकामा करार सेवा अन्तर्गत काम गर्दै आउनु भएका एम्बुलेन्स चालक श्री छत्र बहादुर थामीले यस कार्यालयमा दिनु भएको राजिनामा मिति २०८१ भाद्र १ गते देखि लागु हुने गरि स्विकृत गर्ने निर्णय गरियो।

CamScanner